नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

संघीय शासन प्रणालीको अवलम्बनसँगै सेवा प्रवाह तथा स्थानीय विकास निर्माणका कामहरु नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय तहको जिम्मेवारीमा रहेका छन्। स्थानीय तह स्थापनाको करिब पाँच वर्ष व्यतित भइसकेको छ। स्थानीय तहको कार्यप्रकृया र उपलब्धिहरुको बारेमा लेखाजोखा गरी सबल र दूर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा स्थानीय तह सञ्चालनमा आएपछि भएका असल अभ्यासहरुलाई संस्थागत गरी प्रबर्द्धन गर्न र कमजोरीहरुबाट पाठ सिकेर आगामी दिनमा नागरिक केन्द्रित सरकारको अवधारणामा सहयोग गर्ने गरी यस मन्त्रालयबाट मिति २०७७/०८/०३ मा "स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७" स्वीकृत भई कार्यान्वयनमा रहेको छ।

कार्यविधिमा स्थानीय तहको संस्थागत प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवम् आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय गरी दशवटा विषयक्षेत्रमा एकसयवटा सूचक राखी सबै स्थानीय तहको वार्षिक रुपमा मूल्याङ्कन गर्ने व्यवस्था कार्यविधिमा रहेको छ। सबै विषय क्षेत्रका सूचकलाई समग्र स्थिति, प्रकृयागत स्थिति र परिमाणात्मक स्थिति गरी तीन अवस्थामा वर्गीकरण गरी प्रत्येक सूचकको लागि एक अङ्कभार राखी कुल एकसय अङ्कमा मूल्याङ्कन हुने व्यवस्था कार्यविधिमा रहेको छ। स्वमूल्याङ्कनलाई सहयोग हुने गरी कार्यविधि बमोजिम प्रतिवेदन गर्ने तथा सार्वजनिकरण गर्न मिल्ने गरी विद्युतीय पोर्टलको व्यवस्था मन्त्रालयबाट मिलाईएको छ।

यसै अनुरुप आर्थिक वर्ष २०७७/०७८ को समग्र अवस्थाको बारेमा स्वमूल्याङ्कन गरी हालसम्म ६९८ स्थानीय तहले नतिजा सार्वजनिक गरी सकेका छन्। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको हाल सम्मको अवस्था देहाय बमोजिम रहेको छ।

## प्रदेशगत स्वमूल्याङ्कनको अवस्थाः-

| प्रदेश | जम्मा स्थानीय तह | स्वमूल्याङ्कन प्रकृया शुरुनै नगरेका | प्रारम्भिक नतिजा तयार हुँदै गरेका | जि.स.स.मा पृष्ठपोषणका लागि पेश भएका | जि.स.स.बाट पृष्ठपोषण सम्पन्न भएका | अनुमोदानका लागि कार्यपालिकामा पेश भएका | अन्तिम नतिजा कार्यपालिकाबाट अनुमोदन भई नतिजा सार्वजनिक भएका |
|---|---|---|---|---|---|---|---|
| प्रदेश नं.१ | १३७ | ० | १ | १ | १ | ३ | १३१ |
| मधेश प्रदेश | १३६ | ० | १८ | ० | ४ | २ | ११२ |
| बागमती प्रदेश | ११९ | १ | २ | ० | १ | १ | ११४ |
| गण्डकी प्रदेश | ८५ | ० | १ | ० | ० | ० | ८४ |
| लुम्बिनी प्रदेश | १०९ | ० | १ | १ | ० | ० | १०७ |
| कर्णाली प्रदेश | ७९ | १ | १० | २ | २ | २ | ६२ |
| सुदुर पश्चिम प्रदेश | ८८ | ० | ० | ० | ० | ० | ८८ |
| जम्मा | ७५३ | २ | ३३ | ४ | ८ | ८ | ६९८ |

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पूर्व सूचना अनुसार स्वमूल्याङ्कन नतिजा अनलाइन प्रणालीमा प्रविष्टि गर्ने कार्य २०७८/१२/१० गतेबाट बन्द गरी हालसम्म नतिजा सार्वजनिक गर्ने स्थानीय तहको गुणस्तर परीक्षणका लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको समन्वयमा प्रदेश सुशासन केन्द्र मार्फत सहजकर्ताहरु परिचालन गर्ने कार्य शुरु गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउदै हालसम्म स्थानीय तह क्षमता स्वमूल्याङ्कन नतिजा सार्वजनिक गर्ने सबै स्थानीय तहलाई मन्त्रालयको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं।

बसन्त अधिकारी
सह-सचिव/प्रवक्ता
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः-२०७८/१२/११